सुनिलस्मृति गाउँपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्विकृत मितिः-२०७८/१०।१६

नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७८ गाउँपालिकाको काम कारवाहीलाइ व्यवस्थित गर्न,विपद व्यवस्थापनमा सहयोग पुराउन,बजार व्यवस्थापनमा सहयोग पुराउन तथा कार्यालयको सुरक्षामा सहयोग पुराउन आवश्यक भएकोले सुनिलस्मृति गाउँपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी सुनिलस्मृति गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम" सुनिलस्मृति गाउँपालिका नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५"रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

क) "ऐन" भन्नाले सुनिलस्मृति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ लाई सम्झनुपर्दछ ।

ख) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका दागंलाई सम्झनुपर्दछ ।

घ) "मुख्यकार्यालय"भन्नाले गाउँपालिकाको केन्द्रिय कार्यालय लाइ सम्झनुपर्दछ ।

ङ) "समिति"भन्नाले सुनिलस्मृति गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनुपर्दछ ।

च) "नगरप्रहरी"भन्नाले सुनिलस्मृति गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्दछ ।

छ) "अस्थायीपद" भन्नाले गाउँपालिकाले अन्तिम संगठन संरचना नतोके सम्म गाउँसभाबाट स्वीकृत संगठन संरचना बमोजिमको पदलाई सम्झनुपर्दछ ।

ज) "परिवार" भन्नाले हाललाई निजामती सेवा ऐनले परिवारको सम्बन्धमा गरेको परिभाषा बमोजिमको परिवार सम्झनुपर्दछ

झ) "भत्ता"भन्नाले गाउँपालिकाले समय समयमा तोकिदिएवमोजिमको भत्तालाई सम्झनुपर्दछ।

ञ) "आर्थिकवर्ष"भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

ट) "कार्यपालिका"भन्नाले सुनिलस्मृति गाउँ पालिकाकालाई सम्झनुपर्दछ ।

ठ) "गाउँसभा"भन्नाले गाउँपालिकाको सभालाई सम्झनुपर्दछ ।

ड) "अध्यक्ष "भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ठ) "उपाध्यक्ष"भन्नाले गाउँपालिकाको उपाध्यलाई सम्झनुपर्दछ ।

ठ) "वडा अध्यक्ष"भन्नाले गाउँपालिकाको सवै वडाका वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ ।

ठ) "सदस्य "भन्नाले गाउँ कार्यपालिका सदस्यलाई सम्झनुपर्दछ ।

ठ) "वडा सदस्य"भन्नाले गाउँपालिकाका सवै वडाका वार्ड सदस्यहरुलाई सम्झनुपर्दछ ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतकोरुपमा कामगर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनुपर्दछ।

ढ) "तोकिएको"वा"तोकिएवमोजिम"भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

ण) जवान भन्नालेअधिकृत बाहेकका प्रहरीजवान सम्झनुपर्छ ।

त) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरीअधिकृत र जवानलाई सम्झनुपर्छ।

३. **कार्यविधिको व्यख्या गाउँ कार्यपालिकाले गर्ने :** कार्यविधिको कुनै विषयमा दुविधा परेमा वा वाधा अडकाउ परेमा कार्यपालिकाले निर्णय गरी दुविधा वा बाधा फुकाउन सक्नेछ ।

परिच्छेद-२

नगर प्रहरी सेवा गठन,संचालन र नियन्त्रण

४. नगर प्रहरी सेवाको गठन : (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरीको संगठन संरचना गाउँसभाले तोके बमोजिम हुनेछ ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्वन्धित पदको काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

परिच्छेद-३

नगरप्रहरी कर्मचारीको काम,कर्तव्य र अधिकार

५.नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार :

(१) सार्वजनिक आवागमनमा बाधा अवरोध पुऱ्याईराखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेशगर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय स्थानमा राख्नलगाउने राख्न नमाने वा जथाभावी फालेमा कानुन बमोजिम कारवाही गर्न पेशगर्ने ।

(३ सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगतरुपले उपभोग गरेकोछ, छैन निरीक्षणगर्ने । निर्माण गरेको देखिएमा निर्माणकार्य रोक्का गरी सम्बन्धित शाखामार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेशगर्ने र निर्णय भए अनुसार गर्ने ।

(४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माणकार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्र सहितको प्रतिवेदन सम्बन्धीत शाखामार्फत अध्यक्षसमक्ष पेशगर्ने । निर्णय भए अनुसार गर्ने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुननसकेका छाडापशु व्यवस्थापनगर्ने,गराउने।

(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्यपदार्थ विक्रिवितरणमा रोकलगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिजवस्तु विक्रि गरेको पाईएमा पहिलोपटक भए जफतगरी गाड्नलगाउने । पटकपटक यस्तो कार्य दोहोरिएमा जरिवानागर्न वा पसल बन्द गराउन रायसाथ पेशगर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमारगन नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रिवितरणमा रोकलगाउने । अटेरगरेमा जफतगरी नष्टगर्ने साथै जरिवाना समेत गर्न रायसाथ पेशगर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्नलगाउने । जोखिमपूर्ण घरपर्खाल भए सो को लिखित प्रतिवेदन पेशगर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१०) वडासमिति, टोलसुधारसमिति, तथा सामुदायिक प्रहरीसँगका सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउनेकार्य गर्नेगराउने ।

(११).कार्यपालिका,समिति,उपसमिति,शाखा तथा आयोजनाहरुबाट लागूहुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनगर्ने ।

(१२) गाउँपालिकाको सुव्यवस्था कायमगर्ने,गाउँपालिकाको चल, अचलसम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिका सुरक्षागर्ने ।

(१३)ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) गाउँपालिका क्षेत्रमा भित्तेलेखन, पोलव्यानर, क्रसव्यानर र विज्ञापन नीतिले निषेधगरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टरटाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेरगर्नेलाई जरिवाना गर्ने ।

(१५) विनाईजाजत व्यानर, होडिङ्गवोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिनलगाउने नमानेमा जरिवानागर्ने ।

(१६) कार्यपालिकाले सञ्चालन गर्ने वा भागलिने सभा, सम्मेलन,तालिम,अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेकजाँचगर्ने,पसल व्यवसायमा मूल्यसूचि राख्न लगाउने तथा चेकगर्ने ।

(१८) होटल, रेष्टुरेन्ट,गेष्टहाउस, व्यूटीपार्लर जस्ता गतिविधिहरुको निरीक्षणगर्ने मापदण्ड अनुरुपनचलेको पाईएमा कारवाहीको लागि पेशगर्ने ।

(१९) गाउँपालिकाक्षेत्रभित्र सार्वजनिक स्थलमा जादु,सर्कस जुवा,तास लगायतका विकृतीजन्य क्रियाकलापमा रोकलगाउने ।

(२०) सुनिलस्मृति गाउँपालिकाको निर्णयअनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थागर्ने, त्यस्तोव्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गने अन्य उपकरण प्रयोगगर्न नदिने ।

(२२) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमावाधा पुग्ने गरी उद्योगधन्दा सञ्चालनमा रोक लगाउने ।

(२३) सुनिलस्मृति गाउपालिका क्षेत्रभित्रका निजी सुरक्षागार्ड आपूर्तिव्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयारगरी लगत राख्ने र निजहरुका अनुगमन गर्ने ।

(२४) दमकल (FireBrigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएका ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटीजाने ।

(२६) गाउँपालिकामातहतका शाखा,इकाई ,आयोजना,कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्नेगराउने ।

(२७) सुनिलस्मृति पालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्तभएका आदेश तथा निर्देशन कार्यान्यन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्धगराउने ।

(२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारीलिई जवाफदेहिता समेत बहनगर्ने ।

(२९) सार्वजनिक स्थलमा मदिरा सेवन गरी हो हल्ला गर्नेलाई नियन्त्रणमा लिई गाउँ कार्यपालिका कार्यालयमा बुझाउने ।

(३०) गाउँ पालिकाका कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउने ।

(३१) गाउँपालिका परिसर र अन्तरगतका सवै कार्यालयहरुको परिसरमा तोकिए वमोजिम नियमित सरसफाई गर्ने गराउने ।

(३२) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

परिच्छेद-४

तह विभाजन र पदपूर्ति

६. स्थायी पद श्रृजना तथा दरवन्दी खारेज :

(१) गाउँपालिकामा रहने नगरप्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँसभाले निर्णय गरे वमोजिम हुनेछ ।

(२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद श्रृजना गर्नुपर्नेकारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेका कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी गाउँसभामा पेशगर्नुपर्नेछ ।

७. **नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :**नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्तिगरी गरिनेछ । र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

तर, हालको संक्रमण अवधि(संगठन संरचनाको अन्तिम टुङ्गो नलागेको) मा करारमा नगर प्रहरीको नियुक्ति गरी काम काज लगाउन सकिनेछ ।

८. **नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार नगर प्रहरीको नियुक्ति गरिनेछ ।

९. **पदपूर्ति गर्ने तरिका :** (१) नगर प्रहरी जवान शत प्रतिशत खुला विज्ञापनद्वारा पदपुर्ति गरिनेछ । (२) हालको संक्रमणकालिन अवस्थामा प्रहरी जवान, सहायक पहरी निरीक्षक खुल्ला प्रतियोगिताबाट नै भर्ना गरिनेछ ।

(३) कार्यविधि १०(१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिगर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये पचास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

१) महिला	३५ प्रतिशत
२) आदिबासी/जनजाति	४० प्रतिशत
३) दलित	२५ प्रतिशत

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटा पदमा मात्र पदपूर्ति गर्नुपर्दाको अवस्थामा समावेसीताको प्रावधान नभएपनि पदपूर्ति गर्न बाधापर्ने छैन ।

(५) उपनियम १० को (३)वमोजिम छुट्याइएका पदकोलागि दरखास्त पेशगर्दा देहाय वमोजिमका प्रमाण संलग्नहुनुपर्नेछ ।

(१) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यकोहकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रियप्रतिष्ठानबाट आदिवासी/जनजातिभनी प्रमाणितभएको कागजात ।

(२) दलितका लागि राष्ट्रिय दलितआयोगबाट दलितभनी प्रमाणितभएको (स्पष्ट नछुट्टिनेको हकमा मात्र) ।

(३) दफा १० को (३) वमोजिम प्रतिशत निर्धारणगर्दा एक प्रतिशतभन्दा कम घताक(फ्रयाक्सन)आएमा त्यस्तो घतांक जुन समुदायका हकमा आएकोहो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) दफा १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुननसकी आवश्यक संख्यामा पदपूर्ति हुननसकेमा त्यसरी नपुगभएको पदसंख्या खुल्ला प्रतियोगितामा सहभागीभई उत्तिर्ण भएका अन्य उम्मेदवारबाट पूर्तिगरिनेछ ।

१०. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु

(क) नगर प्रहरी जवान पदको लागि हुनेखुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ३० वर्ष ननाघेको । तर भू.पू सुरक्षाकर्मीवाट निवृत व्यक्ति भएमा ४५ वर्ष ननाघेको

२) मान्यता प्राप्त विद्यालयबाट आठ कक्षा वा सो सरह उतिर्ण गरेको

३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट १ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३१ इन्चभएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(ख) नगर प्रहरी सहायक निरीक्षक पदको लागि हुनेखुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त आह्वान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ३० वर्ष ननाघेको । तर भू.पू सुरक्षाकर्मीवाट निवृत व्यक्ति भएमा ४५ वर्ष ननाघेको

२) मान्यता प्राप्त विद्यालयबाट प्रमाणपत्र तह.वा सो सरह उतिर्ण गरेको

३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्चभएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

११. पदपूर्ति समिति :

१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत संयोजक

२) गा.पा अध्यक्षद्वारा मनोनित जिल्लाप्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना सदस्य

३) गाउँपालिकाको प्रशासन शाखा प्रमुख सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा इलाका प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञकोरुपमा आमन्त्रित गरिनेछ ।

१२. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार : (१) पदपूर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) कार्यविधिको दफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारणगर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्तिहुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशनगर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशनगर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(१) सफल उम्मेदवारहरुको सूचि शिफारिस गर्दा कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार समेत राखी सिफारिस गर्नुपर्नेछ ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिगर्ने सम्बन्धमा तोकिएबाहेक अन्य कुरा आवश्यकता अनुसारका निर्णय गरी कार्यान्वयन गर्नसक्नेछ

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीसदिनभित्र गाउँ कार्यपालिकाले नियुक्तिको लागि निर्णय गरी सक्नुपर्नेछ ।

(४) उप दफा (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१३. जेष्ठताक्रम कायम गर्ने : (१) नगर प्रहरी जवानहरुको जेष्ठताक्रम कायमगर्दा निजहरुले आधारभूत तालिममा प्राप्तगरेको अंकको आधारमा कायमग रिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्मपनि नियुक्ति प्राप्तगर्न नसकेमा उक्त सूचीस्वतःखारेजहुनेछ ।

तर, करार सूचिको हकमा उक्त म्याद बढिमा ३ महिनाको हुनेछ ।

१४. परीक्षणकालमा राखिने : (१) करारमा नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई ७ दिनको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा थप ७ दिन परिक्षणमा राखिनेछ । थप अवधिमा पनि काम सन्तोषजनक नभएमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तत्काल करार सम्झौता रद्ध गर्न सक्नेछ ।

१५. नियुक्ति सदर : (१) कार्यविधिको दफा १५ (१) वमोजिमको परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी प्रमुखले आधारभूत तालिममा उत्तीर्ण भएकाहरुलाई गाउँपालिकाको नगर प्रहरी कार्यविधि र नेपालको

राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएरमात्र नियुक्ति सदर भएको मानिनेछ ।

(२) कार्यविधिको दफा १६(१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

१६. नगर प्रहरी जवान पदमा भर्न : (१) नगर प्रहरी जवान पदमा नियुक्ति हुनचाहने उम्मेदवारले गाउँपालिकाले विज्ञापन माग गरेको बखत तोके वमोजिमको फारमभरी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

परिच्छेद-५

सरुवा तथा वढुवा

१७. वढुवा गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाले बढुवागर्नेछ ।

तर,करार नगर प्रहरी कर्मचारीहरुको बढुवा हुनेछैन ।

१८. वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि : (१) नगर प्रहरी हवल्दार एक तह मुनिका पदमा कम्तिमा तीन वर्षको अवधि पुगेको ।

क) एकतह मुनिको पदमा सेवामा प्रवेशगर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा

ख) खण्ड (क) वमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतहमुनिको पदमागरेको नोकरी अवधिको आधारमा

ग) खण्ड (ख) वमोजिम निर्णय हुननसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठता क्रमको आधारमा

घ) नगर प्रहरीकर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ

१. नोकरीको जेष्ठता

२. कार्य सम्पादन मूल्याकंन

३. शैक्षिक योग्यता

४. तालिम

ङ) जेष्ठताको अंक गणनागर्दा हालवहालरहेको पदमा कामगरेको प्रत्येक वर्षको लागि २ अंककादरले वढीमा ३० अंकप्रदान गरिनेछ । त्यसरी अंकगणनागर्दा एक वर्षभन्दा वढी चानचुनमहिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

च) वढुवाका लागि नगर प्रहरीसेवाको कुनैपनि पदमा प्रवेश गर्न आवश्यकपर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंकदिईनेछ ।

छ) शैक्षिकयोग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

शैक्षिकयोग्यता	प्रथम	द्वितिय	तृतिय	कैफियत
१. हालवहाल रहेको पदमा १०,८ ,६ नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा				
२.आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा	५	४	३	

तर, (१) श्रेणी नखुलेको शैक्षिक प्रमाणपत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा

सोही अनुसारको श्रेणी कायम गरी र सोनभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पासगरेकोभए तृतीय श्रेणी मानिनेछ ।

(ज)कार्यसम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भएअनुसार कार्यसम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंकदिइनेछ ।

(झ)तालिम वापत प्रथम, द्वितीय तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ

परिच्छेद-६

गाउँ कार्यपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१९. **गाउँ कार्यपालिका प्रशासनको नियन्त्रण रहने :** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२०. **नगर प्रहरी प्रमुखमार्फत लेखापढीहुने :** गाउँ कार्यपालिकाले नगर प्रहरी संगठनसंग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

२१. **कारवाही गर्दा परामर्श लिने :** कुनैपनि तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिनसक्नेछ ।

परिच्छेद-७

विदा

२२. **विदा अधिकारको कुरा होइन**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावीगर्न पाउनेछैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदादिन अथवा नदिन पनि
सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

२३. **विदाको किसिमहरु :**(१)नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

(क) भैपरीआउने र पर्व विदा

(ख) घरविदा

(ग) विरामीविदा

(घ) किरियाविदा

(ङ) प्रसुतीविदा

(च) सट्टाविदा

(छ)प्रसुति स्याहार विदा

(२) करार कर्मचारीको हकमा क्रिया विदा,सुत्केरी तथा सुत्केरी स्याहार विदा र विरामी विदाको हकमा करार सम्झौतामा उल्लेखित शर्त अनुसार हुनेछ ।

तर, करारमा कार्यरत नगर प्रहरी कर्मचारीको हकमा महिनामा १ दिनको दरले भैपरी र पर्वविदा उपलब्ध गराइनेछ । सार्वजनिक विदाको दिनमा काम गरेवापत सट्टा विदा उपलब्ध गराइनेछ ।

२४. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने : (१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गरी गैरहाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाले

सेवाबाट हटाउन सक्नेछ ।

तर निकास नहुँदै विदा बसी पछि सो गैरहाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिनेछैन । करारका कर्मचारीको हकमा करार सम्झौतामा भएको शर्त बमोजिम हुनेछ ।

२५. भैपरी/पर्वविदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्वविदा पाउनेछ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिनपाइनेछ ।

३) भैपरी/पर्वआउने विदा एकसालको अर्कोसालमा लिनपाइनेछैन ।

४) विदा बस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिईरहन नभ्याएमा विदा वसेपछि

स्वीकृत गराए पनिहुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव,भत्ता,राशन पाउनेछ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिनपाइनेछैन ।

२५. घरविदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदापाउनेछ ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राख्नस किनेछ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एकपटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट अफ्नो कार्यालयमा आउँदा हिड्नुपर्ने भएमा ७ कोशको निमित्त एक दिनकोदरले तथा मोटर वाटोको लागि जति दिन लाग्नेहो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिन सम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाईआएको तलवको दरले हुनआउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउनेछ ।

(६) निलम्वनमा रहेको प्रहरीकर्मचारीले सो अवधि भरको घरविदा, रासन भत्ता र पोशाक सुविधा पाउनेछैन ।

२६. विरामी विदा :

(१) आफ्नो पदको कर्तव्यपालनगर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले कामगर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिनवाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब,भत्ता र राशनसहित विरामी विदापाउनेछ ।

(२) नगर प्रहरी कर्मचारी अशक्तभई संचित विरामीविदाले नपुग भएमा निजलाई बढीमा बाह्रदिनसम्मको पेश्की विदादिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले विरामीविदा संचित गर्नसक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलगभएमा निजले संचित विरामीविदा वापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाईआएको मासिक तलवकादरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरीकर्मचारीका मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिनपाउनेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदामाग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेशगर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेशगर्न साधारणतया सम्भवछैन भन्ने विदादिनेअधिकारीलाई विश्वास भएमा निजले से व्यहोरा खुलाई प्रमाणपत्रपेश नगरी विदा दिनसक्नेछ ।

(५) कुनै ठूलो वा कडारोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरीदिइएको प्रमाणपत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउनसक्नेछ । यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको पाकीसकेको वा पाक्ने घरविदाबाट प्रत्येक दुई दिन थप विरामीविदा वापत एक दिनकादरले घरविदा कट्टागरिनेछ ।

(६) कुनै ठूलो वा कडारोग लागी उपचार गर्न विरामी विदा र घरविदाबाट नपुग हुने भएमा

स्वीकृतचिकित्सकको प्रमाणपत्र पेशगरी नगर प्रहरी कर्मचारीले पछि पाउने विरामी विदा र घरविदाबाट कट्टाहुनेगरी पैतालीस दिनसम्म थप विरामी विदा पेश्कीकोरुपमा लिनसक्नेछ । त्यसरी पेश्की विरामी विदा लिई बसेका नगर प्रहरी कर्मचारीले पुरातलव, भत्ता र राशनपाउनेछ ।

(७) उपनियम (५) वमोजिम लिएका विदाले नपुग भई थप विदा लिनुपरेमा नेपाल सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनसक्नेछ ।

(८) उपनियम (५) वमोजिम पेश्की विरामी विदालिने नगरप्रहरी कर्मचारीको मृत्युभएमा त्यसरी पेश्कीलिएको विरामीविदा स्वत: मिनाहाहुनेछ ।

(९) निलम्वनमा रहेका नगर प्रहरी कर्मचारीले सो अवधिभर को विरामी विदा पाउनेछैन ।

२७. किरिया विदा :

(१) नगर प्रहरी कर्मचारी आफै किरियामा वस्नुपरेमा कुलधर्म अनुसार वढीमा १५ दिन किरिया विदापाउने छ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिलाकर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरातलब,भत्ता र राशनपाउनेछ ।

२८. प्रसूती विदा : (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदापाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारले पूरातलब,भत्ता र राशनपाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटकमात्र दिइनेछ साथै गाउँ कार्यपालिकाले दिएको सुविधा उपभोग गर्नपाउनेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्नेकार्यालयले अध्यावधिक बनाईराख्नुपर्नेछ ।

२९. प्रसूती स्याहार विदा : (१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटकमात्र दिइनेछ साथै कार्यपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुनेभएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिनसक्नेछ । यो विदा सेवा अवधिमा दुई पटक सम्म पाउनेछ ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरातलब,भत्ता र राशनपाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदास्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्नेकर्मचारीले जन्मदता प्र माणपत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेशगर्नुपर्नेछ ।

३०. सट्टा विदा : कुनैपनि सार्वजनिक विदाका दिन ड्यूटीगर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित नगर प्रहरी प्रमुखको शिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सट्टाविदा दिनसक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिन भन्दा वढी हुनेछैन ।

३१. विदा दिने अधिकारी : (१)देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ । विदाको किसिम र विदा स्वीकृतगर्ने अधिकारी

(क)भैपरी आउने र पर्व विदा	नगर प्रहरी प्रमुख
(ख)घर विदा	प्रमुख प्रशासकीय अधिकृत
(ग)विरामी विदा	प्रमुख प्रशासकीय अधिकृत
(घ)प्रसूति विदा	प्रमुख प्रशासकीय अधिकृत
(ङ)किरिया विदा	प्रमुख प्रशासकीय अधिकृत
(च)अध्ययन विदा	सुनिलस्मृति गाउँ कार्यपालिका
(छ)असाधारण विदा	सुनिलस्मृति गाउँ कार्यपालिका

(ज)अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने वंगलाचुली गाउँ कार्यपालिका

३२. विदा परिणत नहुने : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिईबसेको हो सोही विदा नै उपभोग गर्नुपर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्ता विदा पछि किरिया विदा वा प्रसूति विदावाहेक अर्को किसिमको विदामा परिणत गराउनपाइनेछैन ।

३३. करारमा नियुक्त नगर प्रहरी कर्मचारीहरुको विदा सम्बन्धमा :(१) माथि तोकिएका मध्य क्रिया विदा,प्रसूति विदा तथा विरामी विदा सम्बन्धमा देहाय बमोजिम विदा उपलब्ध हुनेछ :

(क) क्रिया विदाको हकमा कर्मचारी आँफै वा आफ्नो श्रीमान क्रिया बस्नु परेमा क्रिया बस्ने अविधि सम्म ।

(ख) प्रसुति विदाको सम्बन्धमा सुत्केरी हुनु अगाडि र पछाडि गरेर जम्मा साठी दिन सम्म ।

तर,यस्तो विदा दुइवटा सन्तानको जन्म सम्म मात्र उपलब्ध हुनेछ ।

(ग) विरामी विदाको हकमा भैपरी आउने तथा सट्टा विदाले नपुग्ने भएमा बढिमा सात दिन सम्म ।

तर,सात दिन सम्म पनि स्वाथ्यलाभ(निको) नभएमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

३४. सार्वजनिक विदागाभिने : भैपरीआउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिईबसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदापर्न गएमा र सार्वजनिक विदापछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निजकर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिनपाउने अरु विदामा वसेकोमानिनेछ ।

३५.कार्यालयमा अनुपस्थित हुने उपर कारवाही : विदा नलिई कार्यालयमा अनुपस्थितहुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टीगरी विभागीय सजायसमेत गर्नस किनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन ।

परिच्छेद-८

आचरण

३६. दान उपहार लिन नहुने : आफ्नो सरकारी काममा कुनैपनि प्रकारको असरपर्न सक्ने गरी कुनैपनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

३७. चन्दा लिन नहुने : कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनैपनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकारगर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्तगर्ने काममा समेत भागलिन हुँदैन ।

३८. स्वीकृती विना अचल सम्पत्ति खरिदगर्न नहुने : गाउँपालिकालाई पूर्वसूचना नदिई कुनैपनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनैसदस्यका नाममा कुनै अचल सम्पत्ति खरिदगर्न हुदैन ।

३९.सम्पत्तिको विवरण दिनुपर्ने : (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागूभएको तीन महिनाभित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र गाउँपालिकाले तोकेको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(क)आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर,बैंक मौज्दातकोविवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहररात, सुन, चाँदीको अन्दाजीमूल्य ।

(ग)उपदफा(१) वमोजिमको विवरण दाखिलागर्दा संयुक्त परिवारमा रहेकोगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँगरहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ)आफ्नो सम्पत्तिमा थपघटभएमा अख्तियारवालालाई सो को सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

४०.व्यापार व्यवसाय गर्न नहुने : (१)कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नुहुँदैन :

(क) कुनै व्यापार गर्न

(ख)कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

४१. गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशनगर्न नहुने : नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियारनपाई आफ्नो कर्तव्यको पालनागर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनहुदैन ।

४२. रेडियो वा पत्रिकासँग सम्पर्कराख्न नहुन : नगर प्रहरी कर्मचारीले गाउँपालिको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशितगर्न अथवा रेडियोद्धारा प्रसारण गर्नहुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक,कलात्मक,ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

४३. गाउँपालिकाको आलोचना : नगर प्रहरी कर्मचारीले कुनैकुराको आलोचना गर्दा गाउँपालिको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँपालिकाबासीमा खल्ल पुग्नेगरी भाषण,सम्वाद,लेखरचना प्रकाशन वा प्रशारण गर्नुहुँदैन ।

४४. निर्वाचनमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनैपनि राजनीतिकदलको लागि कुनै निर्वाचनमा भागलिन वा कसैको निमित्त

मतमाग्न वा अन्य कुनै प्रकारले प्रभावपार्न हुदैन । तर कसैलाई मतदिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधापर्नेछैन ।

४५.**राजनीतिमा भागलिन नहुने** :नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भागलिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दादिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नहुँदैन ।

४६. **समयपालन र नियमितता** : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमितरुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

४७. **अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताकोसाथ पालना गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरुप्रति उचित आदर देखाउनुपर्नेछ ।

४८. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुन** : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दामाथिका अधिकृत माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्नहुँदैन ।

४९. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध** : नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीका म हलको बिपरीत हुनेगरी बिबाह गर्नुगराउनु हुँदैन ।

परिच्छेद-९

सजाय र पुनरावेदन

५०. सजाय : (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

(क) नसिहतदिने ।

(ख) शारीरिक थकाई हुने (फटिक)सजायगर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्कागर्ने ।

(घ) तल्लो तहमा घटुवागर्ने ।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टीगरी असुलगर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्तगर्ने ।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्तगर्ने ।

तर, करार कर्मचारीको हकमा खण्ड (क) र (ख) मा उल्लेखित सजाय बाहेक अन्य सजाय गर्न आवश्यक नहुने ।

५१. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिनसक्नेछ । दुई पटकसम्म नसिहत दिँदापनि निजले काममा लापरवाहीगरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

५२. तलब वृद्धि वा पदोन्नति रोक्ने : नगर प्रहरी कर्मचारीको कामसन्तोषजनक नभएमा सजायगर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्नसक्नेछ ।

५३. दर्जा र तलब घटाउने : (१)कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइमस्केलको तल्लोस्केलमा ओराल्नसक्ने र गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ख)अनुशासन हीनता गरेमा ।

ग) आचरण सम्वन्धी कुराहरु उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्ष भत्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारणन भई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा

५४. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने : (१)देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरागर्न नसकेमा

(ख) राजनीतिमा भागलिएमा

(ग) वरावर अनुशासन हीन कामगरेमा

(घ)नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

(ङ) डिउटीम भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीक ोपोशाक लगाई कुनै मादकपदार्थ

सेवनगरी हिडेमा वा जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिरभएमा ।

५५. सजाय सम्बन्धी कार्यविधि : (१) नगर प्रहरी कर्मचारीलाई सजायगर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारवाहीगर्न लागिएको उल्लेख गरी ,हुन
सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेशगर्ने मौकादिनुपर्नेछ । त्यस्तो
सूचना दिँदा लगाइएका आरोप स्पष्टरुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले
सजायगर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेशगर्नुपर्नेछ । तर भागी पत्तानलागेको वा अरु कुनैकारणले सम्पर्क स्थापितगर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि बमोजिमको रीतपुऱ्याउनु पर्नेछैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजायदिनुपर्ने भएमा सजायगर्ने अधिकारीले निजलाईगर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।

(ख) सफाई पेशगर्ने मौकादिन मनासिव नपर्नेभएमा सो कुराको टिप्पणी खडागरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेशगर्ने मौका दिनुपर्नेछैन ।

(३) सजायगर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझगराउन
सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकता नुसार सम्बन्धित नगरप्रहरी कर्मचारी समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै नगर प्रहरी कर्मचारीमाथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजायगर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्नसक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढीहुनेछैन ।

(५) उपदफा(४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाइ निजले पाउने तलब भत्ताको एकचौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तारभई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर

स्वत : निलम्वितहुनेछ ।

(७) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलव पाएको भए सो कट्टागरी र नपाएकोभए पुरै (तलव वृद्धि हुनेभएमासो समेत) पाउनेछ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिका बाँकी तलव भत्ता पाउनेछैन ।

(८) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपालसरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरुनै कारणबाट निलम्वन रहनगएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउनेछैन ।

५६. सजायको आदेश दिने : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरणन दिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजायगने अ धिकारीले सजायदिन सक्नेछ र सजायको आदेशको एक प्रतिनिजलाई दिनुपर्नेछ ।

५७. सेवाको अन्त गर्ने : (१) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्तगर्नुपर्दा कार्यविधि बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछैन ।

(क) परीक्षणकालमा रहनेगरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

५८. पुनरावेदनको कार्यविधि : (१) दफा ७५ अन्तर्गत दिइएको आदेशमा चित्तनबुझी पुनरावेदन गर्नेकर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्नेव्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जोभएको प्रमाण राखी पुनरावेदन शिष्टभाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदन कासाथमा जुनआदेशको विरुद्धपु नरावेदन गरिएकोहा सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्क्षसमक्षपेशगर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

५९. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने : कुनै नगर प्रहरी कर्मचारीलाई

सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्दभई निजसेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउनेभए तलब बृद्धि समेत निजले पाउनेछ ।

परिच्छेद १०

अवकाश,उपदान र निवृत्तिभरण

६०. अनिवार्य अवकाश : (१) यो कार्यविधिली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक - ५५ वर्ष

(ख) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान - ५० वर्ष

(२) उमेरको हद,पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउनेछ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागूहुनेछैन । तर तल्लो पदमा नोकरीको अवधि लागूहुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुननसके तल्लोपदको अवधि नै लागूहुनेछ ।

स्पष्टीकरण : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय वमोजिम गरिनेछ :

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेशगरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुनआउने उमेर ।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेशगरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुनआउने उमेर ।

(४) यस कार्यविधि बमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगरप्रहरी कर्मचारीले उपनियम (१) वमोजिम अवकाश प्राप्तगर्दा प्रचलित नगर प्रहरी कार्यविधि वमोजिम अवकाश प्राप्तगर्न जति उमेर बाँकी रहेकोछ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तिभरणको हिसाव गरिनेछ ।

६१. **उपदान :** (१)पाँच वर्ष वा सो भन्दा वढी नोकरी गरेको तर राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय तहको सेवामा सामान्यत : अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायवमोजिम उपदान पाउनेछ ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले कामगरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलव ।

(ख) दश वर्षभन्दा वढी पन्ध्र वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले कामगरेको प्रत्येक महिनाको निमित्त आखिरी एक महिनाको तलव ।

(ग) पन्ध्र वर्षदेखि २० वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले कामगरेको प्रत्येक महिनाको निमित्त आखिरी दुईमहिनाको तलव ।

(घ) बीस वर्षदेखि पच्चिस वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी अढाई महिनाको तलव ।

६२. **नवृत्तिभरण** : वंगलाचुली गाउँपालिका कर्मचारी सेवा,शर्त सम्बन्धी कर्यविधि बमोजिम हुनेछ ।

६३. **निवृत्तिभरणमा वृद्धि** : वहालवाला नगर प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा निवृत्तिभरण पाउने नगर प्रहरी कर्मचारीको समेत प्रचलित नियमानुसार निवृत्तिभरणमा वृद्धिहुनेछ ।

६४. **पारिवारीक निवृत्तिभरण र उपदान** : नगर प्रहरी कर्मचारीको नोकरीमा छदै वा आफूले निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा मृतक कर्मचारीको इच्छाएको व्यक्तिलाई नियमानुसार निवृत्तिभरण दिइनेछ ।

६५. **निवृत्तिभरण सम्वन्धी कार्यविधि** : उमेरकोहक वा सेवा अवधि पुगेको कारणबाट निवृत्तिभरण पाउने कर्मचारीले अवकाश लिने मिति भन्दा छमहिना अघि तोकिएको फाराम भरी अख्तियारवाला कहाँ पठाउनुपर्दछ । नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारले प्राप्तगर्ने निवृत्तिभरणको निमित्त दरखास्त कर्मचारीको मृत्युभएको ६ महिनाभित्र अख्तियारवालाकहाँ पठाउनुपर्नेछ ।

६६. **असाधारण पारिवारिक वृत्ति र उपदान** : (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालनगर्दा वा तालिम लिँदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै

वर्ष पुगकोभएतापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो नगरप्रहरी कर्मचारीले खाइपाईआएको वा तोकिएको तलवको आधा पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो हकवालालाई देहाय वमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ ।

(क) १० वर्ष सम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष १ महिनाको तलव वरावरको रकम ।

(ख) १० वर्षदेखि २० वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष २ महिनाको तलव वरावरको रकम ।

(ग) २० वर्षभन्दा वढी जतिसुकै सेवा अवधि पूरागरी मृत्युभएमा निजले खाईपाई आएको प्रति वर्ष ३ महिनाको तलव वरावरको रकम ।

(२) यो कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भयतापनि असाधारण निवृत्तिभरण को प्रयोजनको निमित्त वहालवाला भन्नाले मृतक नगर प्रहरी कर्मचारीको पत्नी, नावालकछोरा, अविवाहित छोरी र आश्रित बाबु,आमालाईमात्र जनाउनेछ ।

(३) उपदफा (१) र (२) वमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक नगर प्रहरी कर्मचारीको पत्नी वा बाबु आमा भए आजीवन र छोरा वा छोरीले भए २१ वर्षको उमेर पुरागरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडिहुन्छ सो मितिसम्म पाउनेछ ।

(४) मृतक महिला नगर प्रहरी कर्मचारीको विधुर पतिको हकमा वंगलाचुलीपालिकाले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्नसक्नेछ ।

६७. **करार नगर प्रहरी कर्मचारीको असाधारण पारिवारिक वृति :** करारमा नियुक्ति भई कार्यरत रहेको कुनै नगर प्रहरी कर्मचारी कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालनगर्दा वा तालिम लिँदा तत्कालै

मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगकोभएतापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो नगरप्रहरी कर्मचारीले खाइपाईआएको वा तोकिएको तलवको आधा पारिवारिक निवृत्तिभरण वापत सवै भन्दा नजिकको हकवालालाई(श्रीमती,नावालाक छोरा वा अविवाहित छोरी) लाई बढिमा ५ वर्ष सम्म उपलब्ध गराइनेछ ।

६८. **असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण :** कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मिति देखि मृत्यु भएको मिति सम्ममा वढुवा पाइसकेको रहेछभने सो वढुवा भएको पदको आधारबाट असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण गरिनेछ ।

६९. **सन्तति वृत्ति र शैक्षिक भत्ता :** (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त नगर प्रहरी कर्मचारीको प्रत्येक सन्नतिलाई रु.५०० (पाँचसय) कोदरले मासिक सन्तति वृत्ति दिइनेछ । (सन्तति भन्नाले छोरा वा अविवाहिता छोरीलाई जनाउँनेछ) ।

(२) उपदफा (१) वमोजिम वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेशगरेको जुन अगाडि हुन्छ सो मिति सम्मपाउँनेछ ।

७०. **नोकरी अवधि कोगणना :** (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणनागर्दा नगर प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि बीचमा टुटेको अवधि कटाई लाई गणना गरिनेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि उपदान पाइसकेको व्यक्ति नगर प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहले पाएको उपदानको रकम फिर्ता गरेमामात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपदफा(१)अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

७१. उपचार खर्च : (१) कुनै नगर प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दनेछः-

(क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शन वमोजिम खरिद गरेको औषधिखर्च ।

ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्नाभई अस्पतालबाट निस्केपछि पनि रोगकोउपचारको निमित्त वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुनुनपर्ने वा भर्ना हुननसकेको अवस्था वा कुनै किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्टले जाँचगर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेशक्रिप्शन अनुसार खरिद गरेको औषधि खर्च ।

ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालयप्रमुख, मातहतका नगर प्रहरी कर्मचारीको हकमा कार्यालयप्रमुखले, कार्यालय प्रमुखको हकमा एक तह माथिको अभिकारीले सिफारिस गरेकोखर्च ।

घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकलअपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिलवमोजिमको खर्च ।

ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो

स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवा सम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उप दफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधि भरमा अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलब रककसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईतेभएको नगर प्रहरीको उपचार गर्नलागेको सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्धारा नियुक्त मेडिकल वोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमागई उपचार गराउन चाहेमा निजलाई गाउँपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवा को खर्चसमेत उपलब्ध गराउनेछ ।

(३) यस दफा वमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिनचाहेमा कारण मनासिब देखिए उपदफा(२)कोअधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ ।

(४) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामीले यस कर्यविधि वमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टाहुने गरी सो रकमको

आधासम्म बिल बमोजिमको भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्वन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको मागगर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेशक्रिप्शन पनि पेश गर्नुपर्नेछ । यस उप दफा वमोजिम पाउने उपचार खर्च एक पटकमा सम्वन्धित नगर प्रहरी कर्मचारीको एकमहिनाको तलब भन्दा बढी हुनेछैन ।

(५) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामी भई विदेशमा गई उपचार गराउनुपर्दा देशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनुपर्दा अस्पतालमा लागेको बिलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन वमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) वमोजि नगर प्रहरी कर्मचारीले पाउने रकम मध्येबाट पाउनेछ ।

(६) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा कुनै सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा वहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।

(७) यस कार्यविधिमा यस अघि जुनसुकैकुरा लेखिएको भएतापनि एकपटकमा १,०००।- (एकहजार) भन्दा घटी रकम खर्च भएको उपचार खर्च पाउनेछैन ।

(८) भुट्टा व्यहोरा पेशगरी कार्यविधि वमोजिम उपचार खर्चमा गगर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीया कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिईसकेको भए सो रकम समेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

(९) भविष्यमा स्थानीय निकायको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपदफा(२)

वमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च वाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिनपाउनेछ ।

तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका नगर प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पूरै रकम र पच्चीस वर्ष सेवा अवधि पूरागरेको रहेछभने त्यसमा १० प्रतिशत थपगरी हुनआउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिनपाउनेछ ।

(१०) कुनै नगर प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय निकायको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरीअवधिमा त्यसैको दामासाहीले उपदफा(१) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै नगर प्रहरी कर्मचारीलाई औषधिउपचारको लागि खर्च दिदा उपदफा(२) मा तोकिएको रकमलाई दशवर्ष नोकरी गरेवापत पाउने रकममानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(१२) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढमहिनाको तलब वरावरको रकमभन्दा वढी उपचार खर्च दिइनेछैन ।

(क) यसकार्यविधि वमोजिम विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनुपर्दा ।

(ख) उपदफा (६) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१३) यस कार्यविधि वमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

७२.करारमा कार्यरत नगर प्रहरी कर्मचारीले पाउने उपचार खर्च : करारमा कार्यरत नगर प्रहरी कर्मचारी वा निजको एकाघरको पत्नी,नावालक छोरा, अविवाहिता छोरी मध्य कसैलाई नेपाल सरकारले तोकेको गम्भिर प्रकृतिको रोगलागेको प्रमाणित भएमा गाउँपालिकाको तर्फबाट कार्यपालिकाबाट निर्णय गरी बढिमा रु.४० हजार सम्म उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद-११

तलब, भत्ता

७३. तलब भत्ता : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउनेछ । तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई कार्यपालिकाले तोकेअनुसार हुनेछ । तर, करारमा नियुक्ति हुने नगर प्रहरी कर्मचारीको हकमा भने फरक हुन सक्नेछ ।

७४. टाइम स्केल : (१) टाइम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यत:स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

तर अख्तियारवालाले कारण समेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइमस्केल भित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्नसक्नेछ ।

(२) उच्चस्तर टाइमस्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउन नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइमस्केलमा लेखिएका न्यूनत तलब पाउनेछ ।

७५. तलब वृद्धि : (१) देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरागरेपछि एकग्रेट वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र,

(ग) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधि समेत तलब वृद्धिको निमित्त जोडिनेछ ।

७६. करार कर्मचारीको तलव बृद्धि : करामा नियुक्त नगर प्रहरीको तलब वृद्धि कार्यपालिकाले समय समयमा तोके अनुसार हुनेछ ।

७७. कायम मुकायम भई काम गरेको तलबभत्ता : कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई कामगरेमा काम गरेकै मिति देखि निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ ।

७८. अवकश पाउने कर्मचारी पाउने तलब र राशन : नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सो को सूचना पाएको मिति सम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधा समेत पाउनेछ ।

तर कार्यालयमा गैर-हाजिरी, विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउनेछैन ।

७९. करारमा कार्यरतले राशन सुविधा पाउने : करारमा कार्यरत नगर प्रहरी कर्मचारीले कार्यपालिकाले तोके अनुसारको राशन सुविधा प्राप्त गर्नेछन । त्यस्तो राशन सुविधा कार्यालयमा हाजिर भएको दिनको मात्र दिइनेछ ।

स्पष्टीकरण : हाजिर भएको दिन भन्नाले विदामा बसेको दिन वाहेकलाई जनाउछ ।

परिच्छेद १२

कायममुकायम र कार्यवाहकको व्यवस्था

८०. **कायम मुकायम मुकरर गर्नसक्ने :**(१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिनेछैन । तर,पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्यसंचालन गर्न वाधा पर्नगएमा कायम मुकायम मुकरर गर्नसकिनेछ ।

(२) यस कार्यविधि वमोजिम कायम मुकायम मुकरर गर्दा एकतहमुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबैभन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाईमात्र कायम मुकाय ममुकरर गरिनेछ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुनपदमा कायम मुकायम मुकरर भएकोहो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्नपाउनेछ ।

८१. **कायम मुकायम गर्ने अधिकारी :** (१)नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर वा कार्यवाहक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलेगर्ने ।

(२) उपदफा(१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिनेछ ।

(३)उपदफा(१) वमोजिम कार्यवाहक भई कामगर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्नपाउनेछ ।

(४) देहायको अवस्थामा कायम मुकाय ममुकरर गर्न सकिनेछैन :

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधि भए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

८२. **निमित्त भई कामगर्ने व्यवस्था :**(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्नेगरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सब भन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई कामगरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई कामगर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

८३. **एक पदमा एक व्यक्तिमात्र कामय मुकायम वा कार्यवाहक हुने :** कुनै एकपदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायममुकायम वा कार्यवाहक मुकरर हुन सक्नेछैन ।

८४. **काम गरेको अवधिको तलब भत्ता :** (१) कुनै पदमा १५ दिन भन्दा बढि अवधि कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेकोछ सोही पदको तलब भत्ता र राशन पाउनेछ ।

परिच्छेद१३

तालिम

८५. **तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्य कुशल एवं दक्ष तुल्याउन आवश्यकता नुसार गाउँ पालिकाले तोकिए वमोजिमको तालिमहरु दिइनेछ ।

८६. **तालिम संचालन हुने स्थान :** गाउँपालिकाले तोकिएका स्थानमाहुनेछ ।

८७. **तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि गाउँ पालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

८८. **तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले

लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिलगर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाईसकेपछि निजहरुलाई पुन : एक पटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

८९. **तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरुको पाठ्यक्रम तयारगर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

९०. **प्रशिक्षार्थीले पाउने सुविधा :** (१) प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदाजाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुले नेपाल प्रहरीले पाएसरह राशन र भत्तापा उनेछन्

तर, करार कर्मचारीको हकमा भने यो प्रावधान लागु हुनेछैन ।

९१. **तालिम सफल भएमा :** (१)देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षणकालमा रहेका अधिकृतहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्यहुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा स्थायी नियुक्तिको लागि योग्य हुनेछन ।

९२. **प्रारम्भिक पोशाक :** (१) सबै नयाँ भर्नाहुने अधिकृत तथा जवानहरुलाई कार्यपालिकाले तोके बमोजिम प्रारम्भि कपोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक गाउँपालिकाले उपलब्ध गराउनेछ ।

९३. **तालिममा सामेल गराउने संख्या :** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्नेगरी नगर प्रहरी प्रमुखले निर्णय

भएअनुसार तालिममा सहभागि हुन नगर प्रहरी कर्मचारीहरु तोक्नुपर्नेछ ।

९४. **प्रशिक्षण भत्ता :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षणभत्ता दिइनेछ ।

९५. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिक :** प्रचलित कानून बमोजिम हुनेछ ।

९६. **आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुनेगरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

परिच्छेद-१४

पोशाक

९७. **नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९८. **पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई वर्षको एकपटक अनुसूचि १ मा तोके बमोजिमको पोशाक र सामान उपलब्धग राईनेछ ।

तर, ६ महिना भन्दा कम अवधिसम्म मात्र सेवा गर्ने नगर प्रहरी कर्मचारीले मुख्य मुख्य पोशाक कार्यालयमा फिर्ता गर्नुपर्नेछ ।

९९. **जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

१००. **सेरोमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

१०१. **तयारी पोशाक वितरणगर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

१०२. **नगर प्रहरीको पोशाक सटटा भर्ना :** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेशगरेवमोजिम सट्टा गरी नयाँदिइनेछ ।

परिच्छेद-१५

विविध

१०३. **विभागीय आदेश र निर्देशन :** ऐन र यस कार्यविधिको परीधि भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटोछरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वयकायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

१०४. **पुरस्कार :** नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय कामगरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

१०५. **दशै खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाईआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध्र दिन अगाडि दशै चाडपर्व खर्चको रुपमा पाउनेछ ।

१०६. **अन्य सुविधा तथा व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने अन्य सुविधाहरु गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१०७. **उम्मेरको हद :** करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कर्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि कर्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनद्वारा स्थायीपदपूर्ति गर्दा एक पटकलाई भागलिन उमेरको हद लाग्नेछैन ।

१०८. अन्य सेवा समूहमा प्रवेश : करारमा कार्यरत नगर प्रहरीहरुले गाउँ पालिकाको अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा प्रचलित कानून अनुसार हुनेछ ।

अनुसूचि १

(दफा ९९ संग सम्बन्धित)

नगर प्रहरी कर्मचारीले वर्षमा पाउने पोशाक लगायतका सामानको विवरण

क्र.स.	पोशाक तथा अन्य सामाग्रीको विवरण	परिमान	कैफियत
1	सर्ट	१ थान	
2	पाइन्ट	१ थान	
3	टोपी	१ थान	
4	जुत्ता	१ सेट	
5	मोजा	१ सेट	
6	बेल्ट	१ थान	
7	लठ्ठी	१ थान	

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकिय अधिकृत